VISION
#Congress2.0

काठमाडौं क्षेत्र नं. -५

# अनुरोध

**आदरणीय आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू,**

***लोकतन्त्र, न्याय र स्वतन्त्रताका लागि बलिदान दिने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली;***
***साहसी र घाइते योद्धाहरूमा नमन, साथै शिघ्र स्वास्थ्य लाभको कामना;***
***मुलुकलाई आजको अवस्थासम्म ल्याउन विगतमा हाम्रा अग्रजहरूले पुऱ्याएको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दछु।***

गत २०७९ को आम निर्वाचनमार्फत मलाई पहिलो पटक जनप्रतिनिधि र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीका रूपमा सेवा गर्ने सुअवसर प्रदान गर्नुभएकोमा म यहाँहरूप्रति सदैव कृतज्ञ रहनेछु। यहाँहरूले मप्रति राख्नुभएको अगाध विश्वास र भरोसालाई मैले सधैं उच्च सम्मानका साथ शिरोपर गरेको छु।

निर्वाचनका समयमा हामीले गरेका प्रतिज्ञा बमोजिम; यस क्षेत्रको विकासका लागि व्यवस्थित सडक सञ्जाल तथा पूर्वाधार विकास, स्वच्छ खानेपानी र मुहान संरक्षण, स्वास्थ्य सेवा विस्तार, शैक्षिक क्षेत्रको सुधार, धार्मिक एवं सांस्कृतिक सम्पदाको जगेर्ना, सार्वजनिक जग्गा संरक्षण तथा वृक्षारोपण, पार्क निर्माण तथा खेलकुद पूर्वाधारको सुदृढीकरण जस्ता अधिकांश कार्य सम्पन्न भएका छन् भने कतिपय योजना कार्यान्वयनको चरणमा छन्।

डाँडागाउँदेखि टोखा हुँदै हाडीगाउँसम्म फैलिएको काठमाडौं -५ प्राचीन सभ्यता र ७७ वटै जिल्लाको अपनत्व झल्किने एक "सानो नेपाल" हो। लिच्छविकालीन वैभव बोकेको र आधुनिक नेपालको नीतिनिर्माणको केन्द्रका रूपमा स्थापित यस विशिष्ट क्षेत्रको जनप्रतिनिधि हुन पाउनु मेरो लागि सौभाग्य र जिम्मेवारी दुवै हो। यस क्षेत्रको ऐतिहासिक गरिमालाई विस्तार गर्दै लैजानु मेरो मुख्य सङ्कल्प हो।

हामी सबैलाई थाहा छ - बहुदलीय व्यवस्थामा राजनीतिक दलहरू नै मुलुकको परिवर्तन र विकासको मुख्य संवाहक हुन्। यही तथ्यलाई आत्मसात् गरेर कांग्रेसको पार्टी जीवनमा नवजागरण र रूपान्तरण ल्याउन हामीले पार्टीभित्रै गरेको निरन्तर संघर्षका बारेमा यहाँहरू अवगत नै हुनुहुन्छ।

आज म दृढताका साथ अनुरोध गर्न चाहन्छु - तपाईको चाहना बमोजिम नेपाली कांग्रेस बदलिएको छ र बदलिएको कांग्रेसले नै देश बदल्नेछ। देशलाई आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायको मार्गमा डोऱ्याउने छ।

हामी प्रष्ट हुनु जरुरी छ - एउटा राष्ट्र समृद्ध बनाउन ऐतिहासिक अनुभव, लोकतान्त्रिक संस्कार र स्पष्ट दृष्टिकोण (Vision) चाहिन्छ - त्यो नेपाली कांग्रेससँग छ। त्यसैले, सुदृढ कांग्रेस र सक्षम नेतृत्वकै माध्यमबाट हामी देशलाई समुन्नतिको नयाँ उचाइमा पुऱ्याउन प्रतिबद्ध छौं। युवा पुस्तामा देखिएको परिवर्तनको तीव्र चाहना र ऊर्जालाई देश निर्माणको आधार बनाउन, युवाका सपनालाई युवा नेतृत्वकै माध्यमबाट यथार्थमा बदल्न ठोस योजना र कार्यक्रमसहित हामी आएका छौं।

त्यसैले, मेरो उम्मेदवारी - राजनीतिमा नैतिक हस्तक्षेपमार्फत नागरिकमा भविष्यप्रति आशा जगाउँदै समयसापेक्ष नीतिगत सुधार, जनउत्तरदायी राज्य प्रणाली र समृद्ध नेपाल निर्माणका लागि हुनेछ।

म एउटा सामान्य परिवारबाट आएको तपाई जस्तै सरल व्यक्ति हुँ। तपाईंहरूकै माया र विश्वासले तपाईंकै चाहनाअनुसारको परिवर्तनका लागि यो यात्रा अघि बढाउने जमर्को गरेको छु।

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

परिवर्तन सम्भव छ। यसका लागि दृढ इच्छाशक्ति र इमानदार नेतृत्व चाहिन्छ। म वाचा गर्दछु - मुलुकको परिवर्तनका लागि विगतभन्दा अझ बढी समर्पित रहनेछु।

हामीले काठमाडौं -५ मा विकासका केही आधार खडा गरिसकेका छौं। तर, यतिले मात्र यो पर्याप्त छैन। त्यसैले, तीनै तहका सरकार बीच बलियो समन्वय र सहकार्य गर्दै यस क्षेत्रलाई नेपालकै नमुना बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं। यसका लागि रूख चिह्नमा यहाँको मतरूपी बलियो साथ आवश्यक छ। यहाँले दिनुहुने अमूल्य मतले नै परिवर्तनको सुरुवात हुनेछ।

**हाम्रो सङ्कल्पः सुशासन,**
**हाम्रो लक्ष्यः समुन्नति।**

**आउनुहोस् - यस यात्रामा तपाईं-हामी सहकार्य गरौं।**

**तपाईंको उम्मेदवार**
**प्रदीप पौडेल**
**काठमाडौं क्षेत्र नं. -५**

बदलियो कांग्रेस,
बदल्छौं देश

**जय नेपाल !**